राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Volume 19, Issue 8 No. 128 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Falgun 2076 (March 2020)

## कम्पनीको १६औं वार्षिकोत्सव विविध कार्यक्रमका साथ सम्पन्न






नेपाल टेलिकमले आफ्नो १६औं वार्षिकोत्सव गत २०७६ माघ २२ गते विविध कार्यक्रमका साथ सम्पन्न गरेको छ।

सो अवसरमा कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले नेपाल टेलिकमले पूर्व योजना बमोजिम नै ठूला आयोजना कार्यान्वयनमा प्राथमिकता दिएको तथा एक वर्षको अवधिमा फोरजी मोबाइल सेवा ७७ वटै जिल्लामा विस्तार गरेकोमा सन्तोष व्यक्त गर्नुभयो। उहाँले एफटीटीएच प्रविधिको विस्तार र अप्टिकल फाइबर परियोजना निर्धारित अवधिमै सम्पन्न गर्नुपर्ने र कम्पनीले प्रदान गरेका सेवाहरुमा गुणस्तर कायम गरी सेवाग्राहीको सन्तुष्टिलाई प्राथमिकताको विषय बनाउनु पर्ने बताउनु भयो।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं कम्पनी सञ्चालक समितिका अध्यक्ष दीपक सुवेदीले टेलिकमले अब समयानुकूल विभिन्न स्मार्ट सेवाहरु वितरण गर्नुपर्ने र अत्याधुनिक प्रविधिका सेवाहरु गुणस्तरसहित प्रदान गरी ग्राहकको मन जित्नु पर्ने बताउनु भयो। उहाँले यसका लागि बजारको प्रतिस्पर्धामा अब्बल ठहरिने गरी योजना कार्यान्वयन गरिने र गुणस्तरीय सेवा उपलब्ध गराइने बताउनु भयो।

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले प्राधिकरणसँगको सम्झौताअनुसार एक वर्षको अवधिमा कम्पनीले ग्रामीण दूरसञ्चार विकास कोषको प्रयोग गरी विभिन्न स्थानमा अप्टिकल फाइबर बिछ्याउने कार्यमा हासिल गरेको उपलब्धिप्रति सन्तोष व्यक्त गर्दै पूर्ण क्षमतामा प्रयोग नभएका पूर्वाधारहरु सहप्रयोग गर्न पनि नेपाल टेलिकम तयार हुनुपर्ने सुझाव दिनुभयो।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले कम्पनीको समग्र अवस्था बारेमा जानकारी गराउँदै सम्झौता भएको एक वर्षभित्रै देशभर फोरजी विस्तार गर्ने महत्वाकांक्षी र चुनौतीपूर्ण लक्ष्य अनुरुप देशका ७७ वटै जिल्लामा फोरजीको पहुँच पुर्‍याइएको बताउनु भयो। उहाँले स्थानीय टेलिफोन सेवाको रुपान्तरणको लागि एफटीटीएच परियोजनालाई अगाडि बढाइएको र निकट भविष्यमा आईपीटीभी सेवा समेत एफटीटीएच मार्फत प्रदान गरिने बताउनु भयो।

*(बाँकी २ र ३ पेजमा)*

## पूर्व निर्धारित लक्ष्यहरू पूरा गर्दै नेपाल टेलिकम



नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले उपभोक्ताका रुचीअनुसारका अत्याधुनिक दूरसञ्चार सेवाहरु कम्पनीले सरल मूल्यमा उपलब्ध गराइरहेकाले कार्य योजना बनाएर सेवा विस्तार र बजारिकरणमा अघि बढ्नुपर्ने बताउनु भएको छ।

गत माघ २९ गते केन्द्रीय कार्यालयमा आयोजित कम्पनीको आर्थिक वर्ष २०७६/७७ को अर्ध वार्षिक भौतिक तथा वित्तीय कार्य प्रगति समीक्षा कार्यक्रममा उहाँले गुणस्तरयुक्त सेवा विस्तार र तिनका बजारीकरणमा जोड दिनुभएको हो।

*(बाँकी ३ पेजमा)*

## विन्टर अफरको रुपमा विभिन्न सुविधा

नेपाल टेलिकमले विभिन्न प्याकेज सहितको आकर्षक विन्टर अफर (Winter Offer) उपलब्ध गराएको छ। उक्त अफर अन्तर्गतको सेवा कम्पनीको वार्षिकोत्सव (२०७६ माघ २२ गते) देखि नै लागू भइसकेको छ र आगामी चैत ३० गतेसम्म उपयोग गर्न सकिने छ। यो भन्दा पहिले उपलब्ध अटम अफर (Autumn Offer) अन्तर्गतका सेवाहरुमा केही थप सुविधा तथा नयाँ प्याकेज समेत उपलब्ध गराएर विन्टर अफर ल्याइएको छ। जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा यी अफर प्रयोग गर्न सकिन्छ।

**अल टाइम डाटा प्याक** : अल टाइम डाटा प्याक अन्तर्गत १५ रुपैयाँदेखि ७ सय रुपैयाँसम्मका प्याक उपलब्ध छन्। यस अन्तर्गत ६० एमबी देखि १४ हजार एमबी सम्मका प्याकेज खरिद गर्न सकिने छ। यी प्याकेज प्रयोग गर्न सकिने समयावधि पनि १ दिनदेखि २८ दिनसम्म हुनेछ।

*(बाँकी ३ पेजमा)*

# कम्पनीको १६औं वार्षिकोत्सव...

(१ पेजको बाँकी)



कम्पनीको सञ्चालक समितिका सदस्य (कर्मचारी प्रतिनिधि) राजबहादुर रावलले कम्पनीका विभिन्न योजना कार्यान्वयनमा अझ प्राथमिकताका साथ लाग्नुपर्ने बताउँदै यसबीचमा संस्था र कर्मचारीको भलाईका लागि गरिएका कार्यहरु उल्लेख गर्नुभयो ।

नेपाल टेलिकमले वार्षिकोत्सवका अवसरमा ग्राहकका लागि विभिन्न छुट तथा अफर उपलब्ध गराएको थियो । त्यसैगरी कम्पनीले थप नयाँ सुविधाहरु र विशेषता समेटिएको नवीन अफिसियल वेबसाइट सोही दिनदेखि सार्वजनिक गरेको थियो । कम्पनीको नयाँ वेबसाइट प्रयोग गरी कम्पनीद्वारा प्रदत्त सेवाहरु सहजै प्रयोगमा ल्याउन, रिचार्ज गर्न, शुल्कहरु बुझाउन सहज हुनेछ । ग्राहक महानुभावलाई अतिरिक्त सुविधाहरु उपलब्ध गराउन कम्पनीले नबिल बैंकसँगको सहकार्यमा मास्टर कार्ड, भिसा कार्डबाट नेपाल टेलिकमका मोबाइल सेवामा रिचार्ज गर्न तथा बिल भुक्तानी गर्न सकिने सुविधा समेत ल्याइएको छ ।

माननीय मन्त्री बाँस्कोटाले वार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशित स्मारिका विमोचन समेत गर्नुभएको थियो । समारोहमा समितिका अध्यक्ष एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव दीपक सुवेदीले कम्पनीमा २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई दीर्घ सेवा पदक तथा प्रमाणपत्र वितरण गर्नुभयो । त्यसैगरी कम्पनीको रिचार्ज सेवा तथा रिचार्ज कार्डको बिक्री लक्ष्य हासिल गर्ने थोक विक्रेता एवं कम्पनीका विभिन्न सेवाहरु प्रयोग गरी सर्वाधिक बिल भुक्तानी गर्ने संस्थागत तथा व्यक्तिगत ग्राहकहरुलाई पनि कदर स्वरुप कार्यक्रममा सम्मान गरिएको थियो ।

## डिलर तथा ग्राहकहरुलाई सम्मान




नेपाल टेलिकमले वार्षिकोत्सवको अवसरमा विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि उच्च रकमको कारोबार गर्ने क्यास कार्ड डिलरहरु तथा उच्च रकमको सेवा उपभोग गर्ने ग्राहकहरुलाई सम्मान गरेको छ । कम्पनीको सञ्चालक समितिका अध्यक्ष एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव दीपक सुवेदीले ती ग्राहकहरुलाई सम्मान गर्नुभएको थियो ।

यस अन्तर्गत क्यास कार्डतर्फ ग्यालेक्सी इन्टरनेसनल ट्रेड सेन्टर प्रा.लि.ले काठमाडौं क्षेत्रीय निर्देशनालय र क्षेत्रीय निर्देशनालय नेपालगञ्ज अन्तर्गत सबैभन्दा बढी क्यास कार्ड बिक्री गरी सम्मानित भयो । काठमाडौं क्षेत्रीय निर्देशनालय अन्तर्गत हारती कम्प्युटर सर्भिसेज प्रा.लि. समेत सम्मानित भएको थियो । वायरलेस सेवा निर्देशनालय बबरमहल अन्तर्गत F1 Soft इन्टरनेसनल प्रा.लि., क्षेत्रीय निर्देशनालय विराटनगर, भैरहवा र पोखरा अन्तर्गत लाइटाङ इन्फो प्रा.लि. सम्मानित भयो । क्षेत्रीय निर्देशनालय वीरगन्ज अन्तर्गत चितवन टेलिफोन

# निकै महत्वपूर्ण र चुनौतीपूर्ण रहेको फोरजी सेवा ७७ वटै जिल्लामा

*नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले कम्पनीको १६औं वार्षिकोत्सवका अवसरमा कम्पनीका विविध गतिविधि र योजनाहरुका बारेमा जानकारी दिनुभएको छ ।*

*प्रबन्ध निर्देशक अधिकारीले गएको १ वर्ष नेपाल टेलिकमको लागि निकै महत्वपूर्ण र चुनौतीपूर्ण रहेको बताउँदै चीर प्रतीक्षित फोरजी परियोजना अन्तर्गत सम्झौता सम्पन्न भई एक वर्षभित्र देशभर सेवा विस्तार गर्ने अत्यन्त महत्वाकांक्षी र चुनौतीपूर्ण लक्ष्य निर्धारण गरिएकोमा फोरजी सेवा देशका ७७ वटै जिल्लाहरुमा पुऱ्याइसकिएको बताउनु भयो ।*

*उहाँले भन्नुभयो, 'दुई हजारभन्दा बढी स्थानमा जडित ३६ सय भन्दा बढी eNodeB सहितको अत्याधुनिक प्रविधिमा आधारित सो पूर्वाधारमार्फत देशभरका सेवाग्राहीहरूलाई उच्च गतिको मोबाइल डाटालगायत सम्पूर्ण मोबाइल सेवा प्राप्त हुनेछ । चुनौतीपूर्ण भू-बनौट, प्रतिकूल मौसम तथा कार्यान्वयनको क्रममा आइपर्ने जटिलताका कारण बाँकी रहेका परियोजनाका काम पनि प्राथमिकताका साथ यथाशीघ्र सम्पन्न गरिनेछ । गत १ वर्षमा मात्र कम्पनीको मोबाइल सेवामा विस्तारको लागि करिब ३४० नयाँ टावर जडान गरी बीटीएस सञ्चालनमा ल्याई सेवा विस्तार गरिएको छ ।'*

*उहाँले दशकौंदेखि देशभरका ग्राहक महानुभावहरूलाई जोडिरहेको स्थानीय टेलिफोन सेवाको रुपान्तरणको लागि ल्याइएको एफटीटीएच विस्तार परियोजनालाई पनि प्राथमिकताका साथ अगाडि बढाइएको बताउनु भयो । चालू आर्थिक वर्षको पूर्वार्द्धमा अधिकांश समय सेवा विस्तारका लागि आवश्यक सामान तथा उपकरणको प्राप्ति तथा बिलिङ्ग प्रणाली विकास गर्ने कार्यमा खर्च भएपनि हाल सबैजसो सामग्री प्राप्त भई नयाँ सेवाग्राहीलाई सेवा दिने तथा विद्यमान एडीएसएल तथा टेलिफोन लाइनहरूलाई एफटीटीएच सेवामा रुपान्तरण गर्ने कार्य काठमाडौंलगायत देशभरका स्थानहरूमा अघि बढिरहेको छ । सो अवधिमा देशका २८ जिल्लाका ५७ एक्सचेञ्जहरू मार्फत १ लाख ४५ हजारको नेटवर्क जडान भई ३६ हजार ४ सय भन्दा बढी ग्राहकलाई सेवा प्रदान गरिसकिएको तथ्य प्रस्तुत गर्नुभयो । यो सेवामा आईपीटीभी समेत उपलब्ध गराउने क्रममा प्रथम चरणको परीक्षण सफल भएको उहाँले बताउनु भयो ।*

*देशभर अत्याधुनिक सूचना महामार्ग विस्तार गरी डिजिटल नेपालको अवधारणा साकार पार्ने उद्देश्यले नेपाल दूरसञ्चार प्राधिकरण अन्तर्गत ग्रामीण दूरसञ्चार विकास कोषको लगानीमा कम्पनीले कार्यान्वयन गर्ने जिम्मा पाएको प्रदेश १, २ र वाग्मती प्रदेश अन्तर्गतको मध्यपहाडी लोकमार्गमा सूचना महामार्ग निर्माण गर्ने कार्य पनि उच्च प्राथमिकताका साथ अगाडि बढिरहेको छ । कम्पनीले हालै मात्र नेपाल दूरसञ्चार प्राधिकरणसँग कर्णाली तथा सुदूर पश्चिम प्रदेशमा सूचना महामार्ग निर्माणको लागि सम्झौता गरेको र सो कार्य समेत निर्धारित समयमा सम्पन्न गर्न कम्पनी कटिबद्ध भएको उहाँले बताउनु भयो ।*

*देशभर दूरसञ्चार पूर्वाधार पुऱ्याउने प्रयास अन्तर्गत शुरु गरिएको १००० किलोमिटर एडीएसएस फाइबर परियोजना हालै सम्पन्न भई देशका ६६ जिल्लामा अप्टिकल फाइबर पूर्वाधार पुगिसकेको छ । बाँकी रहेका जिल्लाहरूमा समेत अप्टिकल फाइबरलगायतका प्रविधि प्रयोग गरी उच्च क्षमताको दूरसञ्चार नेटवर्क पुऱ्याई डिजिटल नेपालको अवधारणा साकार पार्नको लागि आवश्यक पूर्वाधार तयार गर्ने कार्यक्रम अघि बढाइने उहाँले बताउनु भयो ।*

*यी ठूला परियोजना बाहेक कम्पनीका महत्वपूर्ण उपकरण, प्रणाली तथा पद्धतिहरुको आधुनिकिकरण गर्ने उद्देश्यले Business Intelligence System, Security System, GIS System, Network Operations Center लगायतका परियोजनाहरूलाई पनि उच्च प्राथमिकताका साथ अघि बढाइएको उहाँले जानकारी दिनुभयो ।*

*नेपाल टेलिकमको नेटवर्कलाई बाह्य विश्वसँग जोड्ने वैकल्पिक मार्गको रूपमा चीनसँगको लिङ्क सुदृढ गर्न हाल सञ्चालित केरुङ्ग नाकामार्फत सञ्चालित लिङ्कको विकल्पको रूपमा तातोपानी नाका पनि पुनः सञ्चालनमा ल्याउनको लागि कार्य भइरहेको उहाँले जानकारी दिनुभयो ।*

*प्रबन्ध निर्देशक अधिकारीले भन्नु भयो, 'गत आ.व. को तुलनामा चालू आ.व. को शुरुमा भ्वाइस सेवाको ग्राहक संख्या १३.५९ प्रतिशतले वृद्धि भई कुल २ करोड २७ लाख पुगेको छ । गत कार्तिक मसान्त सम्ममा सो संख्या थप वृद्धि भई २ करोड ३६ लाख पुगेको छ । साथै डाटा सेवाको ग्राहक संख्या २६ प्रतिशतले वृद्धि भई चालू आ. व. को शुरुमा कुल १ करोड ३७ लाख पुगेकोमा कार्तिकसम्ममा थप वृद्धि भई १ करोड ४६ लाख पुगेको छ । नेपाल दूरसञ्चार प्राधिकरणको कार्तिक महिनाको MIS Report अनुसार कम्पनीको बजार हिस्सा भ्वाइस सेवातर्फ ५५.६० प्रतिशत र डाटा सेवातर्फ ४८.९० प्रतिशत पुगेको छ ।'*

*कम्पनीले अङ्गिकार गरेको 'राष्ट्र निर्माण हाम्रो लक्ष्य' भन्ने नाराको मर्मअनुसार देशका विभिन्न स्थानमा विभिन्न समय र उत्सव पारेर विविध सामाजिक कार्यमा कम्पनीले आफ्नो योगदान र संलग्नतालाई निरन्तरता दिएको छ ।*

*कम्पनीले आ. व. २०७५/७६ मा कर र गैरकरबापत रू. २५.७६ अर्ब र लाभांश वापत रू. ७.५५ अर्ब गरी कुल रू. ३३.३१ अर्ब सरकारी राजस्वमा दाखिला गरेको छ । कम्पनीको सेवा विस्तार र राजस्व वृद्धिसँगै सरकारी राजस्वमा हुने योगदान पनि बढ्दै जाने उहाँले अपेक्षा गर्नुभयो ।*

*प्रबन्ध निर्देशक अधिकारीले कर्मचारी व्यवस्थापन र वृत्ति विकास तथा कम्पनीको पुनर्संरचना र प्रादेशिक संरचना निर्माणको तयारी, परियोजना अनुगमनका लागि भइरहेको कार्य, वित्तीय अनुशासन र खरिद व्यवस्थापन तर्फ भइरहेका कार्यको बारेमा जानकारी प्रदान गर्नुका साथै डिजिटल नेपाल निर्माणमा कम्पनीको भूमिका विषयमा प्रकाश पार्नुभएको थियो ।*

मर्मत केन्द्र र क्षेत्रीय निर्देशनालय अत्तरिया अन्तर्गत रोदन ट्रेडर्स प्रा.लि. सम्मानित भएका थिए ।

यसरी विजेताको रुपमा छनोट भएका काठमाडौं बाहिरका डिलरलाई सम्बन्धित क्षेत्रीय दिर्नेशनालयमा आयोजना गरिएको वार्षिकोत्सव कार्यक्रममा कदर पत्र प्रदान गरिएको थियो । त्यसैगरी सबै सम्मानित डिलरहरुलाई सम्भव भएसम्म निजहरुको कार्यालयमा एक/एक लाइन एफटीटीएच जडान गरी एक वर्षसम्म निःशुल्क १५ एमबीपीएस अनलिमिटेड कम्बो अफर उपलब्ध गराइने छ । यसका लागि लाग्ने जडान शुल्कका साथै CPE समेत निःशुल्क उपलब्ध गराइने छ ।

त्यसैगरी उक्त स्थानहरुमा एफटीटीएच सेवा उपलब्ध गराउन सम्भव नभई एडीएसएल सेवा उपलब्ध गराउन सकिने भएमा निःशुल्क एडीएसएल सेवा जडान गरी एक वर्षसम्म अनलिमिटेड इन्टरनेट निःशुल्क उपलब्ध गराइने छ ।

वार्षिकोत्सव कार्यक्रममा कम्पनीका सेवाहरु सबैभन्दा धेरै प्रयोग गर्ने ग्राहकहरुलाई पनि सम्मान गरिएको थियो । यस अन्तर्गत जीएसएम पोष्टपेड सेवातर्फ देव विकास बैंक, जीएसएम प्रिपेड सेवातर्फ कला राई, सीडीएमए सेवातर्फ देवबहादुर थापामगर, पीएसटीएन सेवातर्फ कारागार कार्यालय इलाम र लिज सेवातर्फ राष्ट्रिय सूचना प्रविधि केन्द्र काठमाडौंलाई सम्मान गरिएको थियो ।

## वार्षिकोत्सवमा अतिरिक्त क्रियाकलाप

कम्पनीको १६औं वार्षिकोत्सवका अवसरमा विभिन्न अतिरिक्त क्रियाकलापको आयोजना गरिएको थियो ।

वार्षिकोत्सवको अवसरमा पुरुष तथा महिला ५ किलोमिटर दौड प्रतियोगिता आयोजना गरिएको थियो । दूरसञ्चार तालिम केन्द्र




बबरमहलबाट प्रारम्भ भएको सो प्रतियोगिता फेरि तालिम केन्द्रमै पुगेर समापन भएको थियो ।

कर्मचारीहरुको प्रतिभा उजागर गर्दै मनोबल वृद्धि गर्न अतिरिक्त क्रियाकलाप अर्न्तगत टेबल टेनिस, ब्याडमिन्टन, बुद्धिचाल र हाजिरीजवाफ प्रतियोगिताको आयोजना गरिएको थियो । प्रतियोगिताका सबै विजयीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो ।



विजयी खेलाडीहरुलाई प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी, प्रमुख मानव संसाधन अधिकृत शैलजा राई र प्रमुख व्यावसायिक अधिकृत भानुराज श्रेष्ठले पुरस्कार र प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

त्यसैगरी वार्षिकोत्सवकै अवसरमा रक्तदान कार्यक्रम समेत आयोजना गरिएको थियो ।

(१ पेजको बाँकी)

## पूर्व निर्धारित लक्ष्यहरू ...

समीक्षा कार्यक्रममा अधिकारीले पेश गरिएका कार्ययोजनाहरु प्रभावकारी ढंगले कार्यान्वयनमा लैजाने र यस क्रममा देखिने कमी-कमजोरी पहिचान गरी निराकरण गर्दै अझ उत्कृष्ट कार्यशैली अपनाएर अघि बढ्नु यस कार्यक्रमको प्रमुख उद्देश्य भएको बताउनु भयो ।

अधिकारीले विगत वर्षका तुलनामा काममा शुद्धिकरण र थप अठोटका साथ जुट्ने क्रम बढिरहेको भएपनि अवरोध पन्छाएर निर्धारित लक्ष्य समयमै पूरा गरी उत्कृष्टता प्रदर्शन गर्न बाँकी नै रहेको उल्लेख गर्नुभयो । योजनाहरु पूरा गर्दा भोगिएका समस्या, चुनौती र सहजताहरु प्रष्ट रुपमा उल्लेख गरी तिनका समाधानमा प्रयोग गरिएका उपायहरु तथा थप अधिकार र स्रोत आवश्यक भए तिनका बारेमा समेत समन्वय गर्न उहाँले सहभागी उच्च व्यवस्थापकीय अधिकारीहरुलाई आग्रह गर्नुभयो ।

सो अवसरमा आयोजनाहरु समयमै सम्पन्न गरी गुणस्तरीय सेवाहरु प्रभावकारी रुपले ग्राहकहरुलाई प्रदान गर्ने कम्पनीको मुख्य उद्देश्य रहेकाले सबै कर्मचारीहरु यस कार्यमा एकजुट भएर लाग्न उहाँले निर्देशन समेत दिनुभएको थियो ।

समीक्षा कार्यक्रममा प्रमुख वित्तीय अधिकृत शैलजा राईले अर्धवार्षिक भौतिक तथा वित्तीय कार्य प्रगति विवरण प्रस्तुत गर्दै कम्पनीले राजस्व संकलनतर्फ लक्ष्य हासिल गर्ने बाटोमा रहेको तथा गैर सञ्चालन आयमा ७० प्रतिशत लक्ष्य पूरा गरिएको जानकारी दिनुभयो ।

उहाँले आगामी दिनमा फोरजी/एलटीई सेवाको विस्तार मुलुकका सम्पूर्ण भू-भागलाई समेट्ने गरी हुन लागेको बताउँदै अप्टिकल फाइबर बिछ्याउने कार्य र एफटीटीएच सेवा विस्तार र वितरणलाई अभियानका रुपमा अघि बढाइने योजना सार्वजनिक गर्नुभयो ।

सो अवसरमा नेपाल टेलिकम सञ्चालक समिति सदस्य (कर्मचारी प्रतिनिधि) राजबहादुर रावलले सञ्चालक समितिले पूर्व निर्धारित लक्ष्यमा ५० प्रतिशत पनि प्रगति हासिल गर्न नसक्ने आयोजना प्रमुख तथा कार्यालय प्रमुखलाई कारवाहीको दायरामा ल्याउने निर्णय गरेकाले गम्भीरतापूर्वक तोकिएका कामहरु समयमै सम्पन्न गराउनु पर्ने बताउनु भयो । उहाँले निर्धारित समयमै योजनाहरु र लक्ष्य पूरा गर्ने प्रतिबद्धता सबै प्रमुखहरुले व्यक्त गर्नुपर्ने धारणा पनि राख्नुभएको थियो ।

कार्यक्रममा आधिकारिक ट्रेड युनियनका तर्फबाट नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष यादवप्रसाद पनेरुले सञ्चालक समिति, व्यवस्थापन र ट्रेड युनियन तथा सबै कर्मचारीको साझा प्रयासबाट मात्र संस्थाको भविष्य उज्वल हुने उल्लेख गर्दै कार्यदिशा र प्राथमिकताहरु प्रष्ट पारी लक्ष्य प्राप्तितर्फ लाग्नुपर्ने बताउनु भयो ।

समीक्षा कार्यक्रममा कम्पनीका विभिन्न विभाग तथा निर्देशनालय एवं आयोजनाका प्रमुखहरुले ६ महिनाको भौतिक तथा वित्तीय प्रगति प्रस्तुत गर्नुका साथै आगामी दिनमा सम्पन्न गर्नुपर्ने कार्यका सम्बन्धमा योजनाहरु प्रस्तुत गर्नुभएको थियो । उहाँहरुले विभिन्न आयोजना सम्पन्न गर्नका लागि आवश्यक जनशक्ति तथा अन्य आर्थिक र भौतिक व्यवस्थापनका लागि केन्द्रीय तहका निर्देशनालय तथा विभागहरुको ध्यानाकर्षण गराउनु भएको थियो ।

(१ पेजको बाँकी)

## विन्टर अफरको रुपमा ...

**डे डाटा प्याक :** बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म प्रयोग गर्न सकिने डे डाटा प्याक अन्तर्गत अब १५ रुपैयाँमा २ सय एमबी डाटा प्रयोग गर्न सकिने छ । साथै १० रुपैयाँमा ८० एमबी डाटा समेत प्रयोग गर्न सकिने छ । यी दुबै डाटा प्याक खरिद गरेको २४ घण्टाभित्र चलाउन सकिने छ ।

**नाइट डाटा प्याक :** बेलुकी ११ बजेदेखि बिहान ६ बजेसम्म चलाउन सकिने नाइट डाटा प्याक अन्तर्गत १२ रुपैयाँमा ४ सय एमबी खरिद गर्न सकिने छ । अनलिमिटेड नाइट डाटा प्याक अन्तर्गत १ रातको १८ रुपैयाँ र ७ रातको ९० रुपैयाँमा प्याक उपलब्ध गराइएको छ ।

**सोसियल मिडिया प्याक :** सोसियल मिडिया प्याक अन्तर्गत सामाजिक सञ्जाल फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप र ट्वीटर चलाउन सकिने छ । यस अन्तर्गत १० रुपैयाँमा ७० एमबी डाटा १ दिन, ३५ रुपैयाँमा २ सय ५० एमबी डाटा ३ दिन र ६५ रुपैयाँमा ६ सय एमबी डाटा ७ दिनका लागि उपलब्ध हुनेछ । यी प्याक जुनसुकै समयमा पनि चलाउन सकिने छ ।

**युट्युब (स्ट्रिमिङ) डाटा प्याक :** युट्युब चलाउन १ दिन, ३ दिन र ७ दिन समयावधिका लागि प्याक लिन सकिन्छ । यी प्याक क्रमशः १५ रुपैयाँ, ३० रुपैयाँ र ६० रुपैयाँमा खरिद गर्न सकिन्छ । यसका लागि डाटा भोल्युम क्रमशः ३ सय, ६ सय ५० र १ हजार ४ सय एमबी प्राप्त हुन्छ ।

**डे टाइम भ्वाइस प्याक :** डे टाइम भ्वाइस प्याक अन्तर्गत अब १५ रुपैयाँमा बिहान ५ देखि बेलुकी ५ बजेसम्म कल गर्न सकिने छ । त्यसैगरी १० रुपैयाँमा १ सय मिनेटको भ्वाइस प्याक प्रयोग गर्न सकिन्छ । यी प्याक २४ घण्टाभित्र उपयोग गर्न सकिने छ ।

**पोष्टपेड प्याक :** जीएसएम पोष्टपेडका लागि विभिन्न प्रकारको प्याक उपलब्ध भइरहेकोमा अब ३ सय रुपैयाँको नयाँ प्याक समेत थप गरिएको छ । यस अन्तर्गत ६ सय २० मिनेट भ्वाइस वा ३ हजार एमबी डाटा लिन सकिन्छ । सो प्याक ३० दिनभित्र प्रयोग गर्न सकिन्छ ।

**बिग डाटा प्याक :** नयाँ प्याकका रुपमा कम्पनीले बिग डाटा प्याक समेत उपलब्ध गराएको छ । यस अन्तर्गत १ हजार ६ सय रुपैयाँमा ९० दिनका लागि ३० जीबी र ३ हजार रुपैयाँमा १ सय ८० दिनका लागि ६० जीबी डाटा खरिद गर्न सकिन्छ ।

कम्पनीले अटम अफरको रुपमा उपलब्ध गराइरहेका अन्य अफरहरु भने विन्टर अफरमा पनि यथावत् रहेका छन् ।

पहिलो पटक नेपाल टेलिकम एप डाउनलोड गर्ने ग्राहकलाई एक सय एमबी डाटा भोल्युम बोनसको रुपमा समेत उपलब्ध छ ।

विभिन्न प्याकेज प्राप्त गर्नका लागि *1415# डायल गर्न सकिन्छ । कम्पनीको एप 'नेपाल टेलिकम' बाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी लिन र सेवा खरिद गर्न सकिन्छ ।

# नेपाल टेलिकमका लोकप्रिय अनलिमिटेड भ्वाइस र डाटा प्याक

नेपाल टेलिकमले ग्राहकहरुको सुविधाका लागि विभिन्न दरका अनलिमिटेड भ्वाइस र डाटा प्याक उपलब्ध गराइरहेको छ। पछिल्लो समयमा कम्पनीले उपलब्ध गराइरहेका यस्ता प्याकहरु निकै नै लोकप्रिय रहेका छन्। सस्तो मूल्यमा असीमित अर्थात कम्पनीको नेटवर्कमा जति पनि कल गर्न र डाटा चलाउन पाइने भएपछि सेवाग्राहीहरु समेत निकै नै लाभान्वित भएको पाइएको छ।

हाल नेपाल टेलिकमले उपलब्ध गराइरहेको एक घण्टा अनलिमिटेड प्याक, डे टाइम भ्वाइस प्याक, अनलिमिटेड नाइट टाइम भ्वाइस प्याक र अनलिमिटेड नाइट डाटा प्याक निकै नै रुचाइएका छन्। ग्राहकले आफ्नो आवश्यकताअनुसार आफूलाई उपयुक्त प्याक खरिद गर्न सक्छन्।

### एक घण्टा अनलिमिटेड प्याक

यो प्याक २० रुपैयाँमा लिन सकिन्छ। प्याक एक्टिभ भए पश्चात १ घण्टासम्म निरन्तर भ्वाइस, एसएमएस र डाटा असीमित रुपमा प्रयोग गर्न सकिन्छ। एक घण्टासम्म जति पनि भ्वाइस कल गर्न, एसएमएस पठाउन वा डाटा चलाउन सकिने भएकोले यो प्याक निकै नै रुचाइएको छ।

### डे टाइम भ्वाइस प्याक

डे टाइम भ्वाइस प्याक अन्तर्गत १५ रुपैयाँमा बिहान ५ देखि बेलुकी ५ बजेसम्म जति पनि कल गर्न सकिने छ। सो प्याक खरिद गरेको २४ घण्टाभित्र उपयोग गर्न सकिने छ। उदाहरणका लागि बिहान १० बजे खरिद गरेको प्याक बेलुकी ५ बजेसम्म र भोलि बिहान फेरि १० बजेसम्म प्रयोग गर्न सकिन्छ। आफ्नो आवश्यकताअनुसार आफन्त वा प्रियजनसँग कुराकानी गर्नका लागि यो प्याक निकै नै उपयोगी बनेको छ।

### अनलिमिटेड नाइट टाइम भ्वाइस प्याक

अनलिमिटेड नाइट टाइम भ्वाइस प्याक अन्तर्गत १२ रुपैयाँमा राती १० बजेदेखि बिहान ६ बजेसम्म कल गर्न सकिन्छ। रातको समयमा जति पनि कल गर्न सकिने भएकाले यो निकै नै उपयोगी बनेको छ।

### अनलिमिटेड नाइट डाटा प्याक

अनलिमिटेड नाइट डाटा प्याक अन्तर्गत एक रातका लागि १८ रुपैयाँमा अनलिमिटेड डाटा राती ११ बजेदेखि बिहान ६ बजेसम्म चलाउन पाइने छ। त्यसैगरी ९० रुपैयाँमा ७ दिनसम्म राती ११ बजेदेखि बिहान ६ बजेसम्म अनलिमिटेड चलाउन सकिने प्याक पनि उपलब्ध छ। रातको समयमा डाटा चलाउनु पर्ने व्यवसायीहरुका लागि समेत यो प्याक निकै नै उपयोगी बनेको छ।

### प्याक खरिद गर्ने तरिका

विभिन्न प्रकारका प्याक प्राप्त गर्नका लागि ग्राहकले *1415# मा डायल गरेर आवश्यकताअनुसारको प्याक खरिद गर्न सकिन्छ।

विभिन्न नम्बर डायल गरेर वा एसएमएस पठाएर पनि प्याक खरिद गर्न सकिन्छ। एक घण्टा अनलिमिटेड प्याक खरिद गर्नका लागि सिधै *1415*8 # डायल गरेर आफूले प्रयोग गर्न चाहेको भ्वाइस, एसएमएस वा डाटाका लागि क्रमशः १, २ र ३ अंक डायल गर्नु पर्छ। त्यसैगरी सिधै FDPACK टाइप गरी १४१५ मा एसएमएस पठाउन पनि सकिन्छ।

त्यसैगरी डे टाइम भ्वाइस प्याक खरिद गर्नका लागि सिधै *1415*9*2 # डायल गर्न सकिन्छ। सिधै DVUNL टाइप गरी १४१५ मा एसएमएस पठाउन पनि सकिन्छ।

अनलिमिटेड नाइट टाइम भ्वाइस प्याकका लागि सिधै *1415*1*5*4 # डायल गर्न सकिन्छ। सिधै NVUNL टाइप गरी १४१५ मा एसएमएस पठाउन पनि सकिन्छ।

अनलिमिटेड नाइट डाटा प्याकका लागि सिधै *1415*3 # डायल गरेर १ दिनका लागि प्याक लिने भए १ र ७ दिनका लागि प्याक लिने भए २ अंक डायल गर्नु पर्छ। त्यसैगरी एक दिनको प्याकका लागि NUNL र ७ दिनका लागि भए UNL7 टाइप गरी १४१५ मा एसएमएस पठाउन सकिन्छ।

यी बाहेक कम्पनीको एप 'नेपाल टेलिकम' र कम्पनीको वेबसाइट www.ntc.net.np बाट पनि अनलिमिटेड डाटा वा भ्वाइस प्याक सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ।

### बाँकी प्याक थाहा पाउने तरिका

मोबाइलमा लिएको भ्वाइस प्याक वा अन्य कुनै पनि प्याक कति बाँकी छ भनी थाहा पाउनका लागि *1415*55# डायल गर्न सकिन्छ। त्यसैगरी VL लेखेर १४१५ मा एसएमएस गर्न पनि सकिन्छ। त्यसपछि कति भ्वाइस प्याक वा अन्य प्याक बाँकी छ भन्ने जानकारी सहितको एसएमएस आउँछ। साथै नेपाल टेलिकम एपमार्फत पनि बाँकी प्याक थाहा पाउन सकिन्छ।

# ना.प्र.नि. हरुको बिदाइ







नेपाल टेलिकममा लामो समय बिताएर उमेर हदका कारण सेवा निवृत्त हुनुभएका नायब प्रबन्ध निर्देशकहरुलाई एक कार्यक्रमका बीच बिदाइ गरिएको छ। गत माघ १७ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रममा नायब प्रबन्ध निर्देशकहरु राजुबाबु अर्याल, सरोजमान सिंह प्रधान र प्रमोदकुमार परमारलाई बिदाइ गरिएको हो।

कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले फुलको गुच्छा र मायाको चिनो प्रदान गरी उहाँहरुलाई बिदाइ गर्नुभएको थियो। सो अवसरमा प्रबन्ध निर्देशक अधिकारीले तीनै जना ना.प्र.नि. हरुको सुखमय निवृत्त जीवनको कामना गर्दै उहाँहरुले कम्पनीमा पुऱ्याउनु भएको योगदानलाई उच्च मूल्याङ्कन गर्दै सधैं स्मरण गरिने बताउनु भयो। सो अवसरमा तीनै जना नायब प्रबन्ध निर्देशकहरुले कम्पनी प्रवेश गर्दादेखि अवकाशको अवधिसम्मका आफ्ना अविष्मरणीय क्षणहरुको स्मरण गर्दै कम्पनीको हितका लागि गरिनु पर्ने कार्यको बारेमा चर्चा गर्नुभयो। कम्पनीलाई अगाडि बढाउनका लागि आवश्यक परेमा भविष्यमा समेत सहयोग गर्न सदैव तत्पर रहेको प्रतिबद्धता जनाउदै आफ्नो जीवनको उर्वर समय कम्पनीमा लगाउन पाएकोमा उहाँहरुले सन्तोष व्यक्त गर्नुभयो।

तीनै जना ५८ वर्ष उमेर हदका कारण अवकाश हुनुभएको थियो। राजुबाबु अर्यालले २०४६ असार ८ गते सहायक प्रशासकीय अधिकृतको रुपमा स्थायी रुपमा सेवा प्रवेश गरी २०७६ असोज ३ गते प्रमुख मानव संसाधन अधिकृतको रुपमा कार्यरत रहदा अवकाश प्राप्त गर्नुभएको थियो। सरोजमान सिंह प्रधानले २०४६ कात्तिक २० गते स्थायी रुपमा इन्जिनियरको रुपमा सेवा प्रवेश गरी २०७६ माघ ३ गते वायरलेस सेवा निर्देशनालयको निर्देशकको रुपमा कार्यरत रहदा अवकाश प्राप्त गर्नुभएको थियो। त्यसैगरी प्रमोदकुमार परमार २०४४ जेठ १ गते इन्जिनियरको रुपमा स्थायी रुपमा सेवा प्रवेश गरी २०७६ माघ १८ गते अवकाश प्राप्त गर्नुभएको थियो।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो Newsletter www.ntc.net.np मा पनि हेर्न सकिन्छ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Joint Co-ordinator : **Krishna Prasad Bhandari**
Editor : **Umesh Dahal,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**